# नौकुण्ड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा, बागमती प्रदेश, नेपाल


प.सं.: ०७८/०७९
च.नं.:

मिति: २०७८/१०/२६

### न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सूचना ।

प्रस्तुत विषयमा श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री कार्यक्रम सिंहदरबारको च.न. २५८ मिति २०७७/१०/२५ कोपत्रअनुसार रोजगारको हक सम्बन्धी ऐन २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ ( पहिलो संशोधन , २०७७ सहित ) बमोजिम आ.व. २०७८/०७९ मा न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरुले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७७ फागुन महिनाको मसान्तसम्म निवेदन दिनुहुन सबैमा अनुरोध गर्दछ ।

साथै बेरोजगार व्यक्तिको निवेदन संकलन सम्बन्धमा नर्पालिकाको व्यवस्था तर्फ ध्यानकर्षण हुन बेरोजगार व्यक्तिको सूचीकृतको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका २०७५ (पहिलो संशोधन ,२०७७ सहित ) को अनुसुची १ वा https: || pmep .gov.np | publication| karyavidi मा रहेको प्रयोग समेत अनुरोध छ ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

१. निवेदनका साथ १ प्रति नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।

२. निवेदनका साथ १ प्रति पासपोर्ट साइजका फोटो ।

३. निवेदनका साहितकोसम्पूर्ण परिवारका सदस्यहरुको नाम , जन्ममिति , नागरिकता न. जारीमिति तथा जिल्ला ।

४. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचीकृत गरिनेछ ।

थप जानकारीका लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवाकेन्द्र नौकुण्ड गाउँपालिका अथवा ९८०३००६२५२/९८४०१८०८७ मा सम्पर्क गर्न सकिनेछ ।

रामकुमार तामाङ लामा

रोजगार संयोजक


Email: noukundogaunpalika@gmail.com, Website: www.noukundamun.gov.np